नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

# शिक्षा विकास तथा समन्वय इकाई

**कास्की**
**२०७५**

फोन नं. ०६१-५७१०९७,५७०१४७
website:www.deokaski.gov.np

---

**पत्र सं. २०८२।०८३** | **मितिः२०८२।११।२९**
**च.नं.** | ने स ११४६ चिल्लागा नवमी

<u>प्रस्ताव पेस गर्ने सम्वन्धी सूचना ।</u>

श्री सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरु,
कास्की ।

**प्रथम पटक प्रकाशित मिति २०८२।११।२९ गते**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चालु आर्थिक वर्ष २०८२।०८३ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार यस इकाइ मार्फत विद्यालयहरुमा **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम** रहेकोले उक्त कार्यक्रम सञ्चालनका लागि इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र तपसिल अनुसारका कागजात सहित तोकिएको ढाँचामा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । उक्त प्रस्ताव स्थानिय तहको सिफरिस सहित शिक्षा विकास तथा समन्वय इकाइ कास्कीमा कार्यालय समय भित्र पेस गर्नु पर्नेछ ।

**<u>तपसिल</u>**

| क्र स | कार्यक्रमको नाम | प्रस्तावानका साथ संलग्न गर्नु पर्ने कागजात |
|---|---|---|
| १ | विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विद्युतीय वायरिङ तालिम) नामक कार्यक्रम | १.विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य घरेलु विधुतीय वायरिङ तालिम सञ्चालन कार्यविधि २०८२ को अनुसूची-१ अनुसारको प्रस्तावमा उल्लेख भएको पुरा विवरण सहितको प्रस्ताव पत्र<br>२.विद्यालय व्यवस्थापन समितिले कार्यक्रम सञ्चालनका लागि माग गर्न गरेको निर्णयको प्रतिलिपि ।<br>३. स्थानिय तहको सिफारिस पत्र<br>४.विद्यालयमा तालिम सञ्चालनका लागि आवश्यक जनशक्ति र कक्षाकोठा उपलव्ध हुने आधारको सुनिश्चितता सहितको विद्यालयको पत्र |

**<u>नोटः</u>** कार्यक्रम सञ्चालन हुने विद्यालय संख्याः कास्की जिल्ला भरी २ वटा विद्यालय मात्र कक्षा ।

- कार्यक्रम सञ्चालनका लागि रकमः प्रति विद्यालय रु१८००००।००(अक्षरुपी एक लाख असी हजार रुपैया मात्र ।
- अन्य विस्तृत जानकारी विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्ग (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बाट प्राप्त हुनेछ उक्त कार्यविधि इकाइको website: kaski.edcu. gov.np मा हेर्न सकिनेछ ।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उपसचिव)

# विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य ( विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम सञ्चालन कार्यविधि २०८२

शिक्षा विकास तथा समन्वय इकाइ

कास्की

२०८२

**विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य**
**( विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम सञ्चालन कार्यविधि २०८२**

**प्रस्तावनाः**

शिक्षा विकासको मुलभुत आधार हो । शिक्षालाई सीप, सिपलाई श्रम, श्रमलाई उत्पादन र उत्पादनलाई वजार, वजारलाई रोजगार र रोजगारलाई समृद्दीसँग जोडन, शैक्षिक रुपान्तरण गर्ने उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्यसँग जोड्नु आवश्यकता छ । विद्यालय तहवाट नै सिपमुलक शिक्षा उपलव्ध गराई सिप प्राप्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ को क्रियाकलाप नं २.७.१३.१३६९ मा **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य** नामक कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयका गर्न शिक्षा विकास तथा समन्वय इकाइ कास्कीवाट यो कार्यविधि तयार गर्न वाञ्छनिय भएकोले यो कार्यविधि निर्माण गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः** (१.) कार्यविधिको नाम **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम)**नामक कार्यक्रम सञ्चालन कार्यविधि २०८२ हुनेछ ।

(२) यो कार्यविधि कार्यालयवाट स्वीकृत गरी लागु गरिनेछ ।

**२. परिभाषाः**

(क) कार्यविधि भन्नालेः **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम)** नामक कार्यक्रम सञ्चालन कार्यविधि २०८२ सम्झनु पर्नेछ ।

(ख) केन्द्र भन्नालेः शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्नेछ ।

(ग) इकाइ भन्नालेः शिक्षा विकास तथा समन्वय इकाइ, कास्की सम्झनु पर्नेछ ।

(घ) स्थानिय तह भन्नालेः कास्की जिल्ला अन्तरगतका महानगरपालिक र गाउँपालिकाहरु सम्झनु पर्नेछ ।

(ङ) उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य भन्नालेः विद्यालका विद्यार्थीका लागि सिप प्रदान गर्ने **कपाल काट्ने सिप, पलम्विङ, कुक, वेटर, वेकरी, वेल्डिङ, प्लम्विङ,राजमिस्त्री तालिम, विधुतीय वायरिङ तालिम** जस्ता तालिम कार्यक्रम सञ्चालन गर्न सकिने भएता पनि यस इकाइवाट सञ्चालन हुने तालिम कार्यक्रम **विधुतीय वायरिङ तालिम** सम्झनु पर्नेछ ।

(च) वजारीकरण भन्नालेः उद्योगवाट उत्पादन मूल्य निर्धारण प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्वन्धित क्रियाकलापलाई सम्झनु पर्नेछ ।

(छ) समिति भन्नालेः दफा ४ ख अनुसार विद्यालय छनौट समिति सम्झनु पर्नेछ ।

**३.कार्यक्रमका उद्येश्यहरुः** विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम उद्देश्य देहाय वमोजिम रहेका छनः

(क) विद्यालय तहवाट नै उद्यमशिलताको विकास गर्नु ।

(ख) विद्यालयहरुमा श्रमको सम्मान गर्न सक्ने भावनाको विकास गराउनु ।

(ग) विद्यार्थीलाई रोजगारमुलक सिप उपलव्ध गराउनु ।

(घ) विद्यार्थीहरुमा नवप्रवर्तनीय सोचको विकास गराई वाइरिङ सम्वन्धी सिप उपलव्ध गराउनु।

(ङ) विद्यार्थीहरूलाई व्यावसायिक विधुतीय वायरिङमा तर्फ उन्मुख गराउनु ।

(च) तालिम पश्चात् विद्यालयमा नै एउटा सानो "इलेक्ट्रिक मेन्टेनेन्स युनिट" स्थापना गरी उद्यमशीलताको अभ्यास गराउनु ।

**४. कार्यान्वयन र सञ्चालन प्रक्रियाः** (१) विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य ( विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम कार्यान्वयन र सञ्चालन प्रक्रिया देहाय वमोजिम हुनेछः

(क) घरेलु विद्युतीय वायरिङ तालिम कार्यक्रमका लागि इकाइवाट १५ दिने सूचना प्रकाशन गरी जिल्ला भित्रका समुदायिक विद्यालयहरुसँग अनुसूची-१ अनुसारको विवरण खुलेको प्रस्तावाना माग गर्ने ।

(ख) इकाइ प्रमुखको संयोजकत्वमा,शाखा अधिकृत २ जना रहेको तीन सदस्य विद्यालयको प्रस्तावना छनौट समिति गठन गरिनेछ उक्त समितिले विद्यालयको आर्थिक, भौतिक,मानव स्रोत अवस्था र विद्यार्थी संख्यालाई आधार मानी विद्यालय छनौट गरिनेछ ।

(ग) समितिले छनौट गरेका विद्यालहरु वीच अनुसूची-२ अनुसार कार्यक्रम सञ्चालनको लागि सम्झौता गर्ने ।

(घ) विद्यालयले वाईरिङ सम्वन्धी सिपमा रुचि भएका इच्छुक विद्यार्थीहरूबाट आवेदन आह्वान गरी छनौट गर्ने ।

(ङ) कक्षा ९-१२ मा अध्ययनरत न्युनतम २५ जना विद्यार्थीहरुको एक समुह वनाई कम्तिम दुइ महिना १५ दिन प्रतिदिन २ घण्टाका दरले प्रशिक्षण गर्ने ।

(च) कम्तिमा प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद (CTEVT) वाट LEVEL 1 CERTIFIED प्रशिक्षक नियुक्त गरी सो प्रशिक्षकवाट प्रशिक्षण सञ्चालन गर्ने ।

(छ) विद्यालय छनौट गर्दा ग्रामिण क्षेत्रमा सञ्चालन भएका विद्यालयलाई प्राथमिकता दिइनेछ ।

(ज) विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट नियमित अनुगमन गर्ने ।

(झ) कार्यक्रम सम्पन्न भए पश्चात विद्यालयले अनुसूची-३ अनुसार कार्य सम्पन्न प्रतिवेदन पेस गर्ने।

(ट) कार्य सम्पन्न प्रतिवेदन पेश भए पछि मात्र अन्तिम भुक्तानी दिने ।

**५. लक्षित समूह र संख्याः**(१) विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य ( विधुतीय वायरिङ तालिम) नामक कार्यक्रमका लक्षित समूह कक्षा ९-१२ का विद्यार्थीहरू र कम्तिमा २५ जना (प्रति समूह) हुनु पर्नेछ ।

**६. प्रस्तावित बजेट सिलिङ र विभाजन**

(क) शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीवाट प्रति विद्यालाय रु. १८,००,०००/०० (एकलाख

असि हजार रुपैया मात्र) उपलव्ध गराईनेछ आवश्यकता अनुसार स्थानिय तह एवम् विद्यालयले साझेदारीका रुपमा आन्तरीक श्रोतवाट प्रयोग गर्न सक्नेछ साथै सहयोगी संस्थाहरुको समेत सहयोग लिन सक्नेछ।

(ख) विद्यालयलाई कार्यक्रम सञ्चालन अनुदान २ किस्तामा उपलव्ध गराउने पहिलो किस्तामा रु १३००००।०० (अक्षरुपी एकलाख तीसहजार रुपैया मात्र) र दोस्रो किस्ता रु ५००००।००(अक्षरुपी पचास हजार रुपैया मात्र) उपलव्ध गराउने ।

(ग) शिक्षा विकास तथा समन्वय इकाइवाट समेत समय समयमा अनुगमन गर्न लगाई प्रतिवेदन पेस गर्न लगाउने ।

(घ) विद्यालयले प्राप्त सञ्चालन खर्च देहाय वमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछ ।

i) प्रशिक्षक पारिश्रमिक,

ii) तालिम सामग्री

iii) अन्य आवश्यकता अनुसार विभाजन गरी तालिम खर्च व्यवस्थापन गर्नु पर्नेछ ।

**७. तालिमको पाठ्यक्रम रुपरेखाः** (१) विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रममा विद्यार्थीहरुलाई देहाय वमोजिका सिप उपलव्ध गराउने गरी सञ्चालन गर्नु पर्नेछः

(क) तालिमलाई सैद्धान्तिक (२०%) र प्रयोगात्मक (८०%) भागमा विभाजन गरिनेछ ।

(२) यस तालिम पश्चात विद्यार्थीहरुले निम्न घरेलु विधुतीय वायरिङ सम्वन्धी सिपहरु सिक्नेछन

(क) विधुतीय सुरक्षा (Electrical Safety): करेन्ट लाग्ने कारणहरू, प्राथमिक उपचार, व्यक्तिगत सुरक्षा उपकरण (PPE) को प्रयोग र सुरक्षित काम गर्ने तरिका।

(ख) औजारहरूको पहिचान र प्रयोग: टेस्टर, प्लायर, वायर स्ट्रिपर, र ड्रिल मेसिन जस्ता औजारहरू सुरक्षित रूपमा चलाउने तरिका ।

(ग) सामग्रीको पहिचान: तारका प्रकार, स्वीच, सकेट, बल्ब होल्डर, MCB, र जक्सन बक्सहरूको पहिचान।

(घ) सर्किट निर्माण (Circuit Connection):

सिम्पल सर्किट: एउटा स्वीचले एउटा चिम बाल्ने, सिरिज र प्यारालल कनेक्सन: दुई वा सोभन्दा बढी चिमहरू जोड्ने तरिका, टु-वे स्वीचिङ (Two-way Switching): सिँढी (Staircase) मा प्रयोग हुने, तलबाट बाल्ने र माथिबाट निभाउने प्रविधि ।

(ङ) अर्थिङ (Earthing) र न्यूट्रल: घरको सुरक्षाका लागि अर्थिङको महत्त्व र यसलाई जोड्ने प्रक्रिया ।

(च) फ्युज र MCB जडान: ओभरलोड वा सर्ट सर्किट हुँदा लाइन काटिने सुरक्षा संयन्त्र जडान गर्ने ।

(छ) मर्मत सम्भार (Maintenance): बिग्रिएका स्वीच फेर्ने, झुण्डिएका तार मिलाउने र सामान्य

फल्ट (Fault) पत्ता लगाउने।

(ज) सुरक्षा सावधानी विद्युतसँग काम गर्दा अपनाउनुपर्ने सुरक्षा र प्राथमिक उपचार।

(झ) वायरिङका प्रकार Concealed (भित्रि) र Surface (बाहिरी) वायरिङ । सुरक्षा उपकरण Earthing (अर्थिङ) प्रक्रिया ।

(ञ) मर्मत सम्भार: घरयासी उपकरणहरूको सामान्य मर्मत ।

(ट) माथि उल्लेखित सिपमा पूर्णता प्राप्त गर्दै तालिम पश्चात विद्यार्थीहरुले एउटा घरमा हुने घरेलु वाइरिङ सम्वन्धि सम्पूर्ण सिप समावेस गरी पाठ्यक्रम निर्माण गर्नु पर्नेछ ।

(ठ) पाठ्यक्रममा प्रशिक्षकसँग समन्वय गरी CTEVT को LEVEL 1 पाठ्यक्रमा वमोजिम सिप प्राप्त हुने थप विषयवस्तु समावेस गर्न सकिनेछ ।

(२) तालिम समय अवधि दुइ महिना पन्ध्र दिन प्रति दिन २ घण्टाका दरले ।

**८. आवश्यक समाग्रीः** (१) कार्यक्रम सञ्चालनका लागि देहाय वमोजिमका समाग्री प्रयोग गर्नु पर्नेछ

(क) मुख्य औजारहरू (Tools) कम्बिनेसन प्लायर (Combination Pliers), वायर स्ट्रिपर, लाइन टेस्टर (Line Tester),स्क्रू-ड्राइभर सेट, ह्याम्मर.

(ख) विधुतीय सामानहरू (Consumables)तारहरू (Wires) (रातो, कालो, हरियो) स्वीच र सकेटहरू: वान-वे स्वीच, टु-वे स्वीच, र ५ एम्पियरका सकेटहरू,होल्डर र चिम (Bulb Holders & Bulbs): अभ्यासका लागि ब्याटन होल्डर र LED बल्बहरू,डिस्ट्रिब्युसन बोर्ड (MCB Board),पिवीसी च्यानल/पाइप (PVC Casing/Capping)

(ग) अन्य सामग्री

लिष्टि, क्लिप, वाइरिङ वोर्ड, ग्रिप,फ्युज, स्क्रु, टेप, स्केल, सेफ्टि समाग्री (हेल्मेट पन्जा) अभ्यास बोर्ड, इन्सुलेसन टेप, मल्टी-मिटर, स्क्रुडाइभार इत्यादि ।

(घ) प्रशिक्षकसँगको सल्लाह अनुसार थप समाग्री व्यवस्था गर्न सकिनेछ

(ङ) प्रयोगात्मक कक्षा सञ्चालनका लागि कक्षा कोठा व्यस्थापन विद्यालयले गर्नु पर्नेछ ।

**९. अपेक्षित उपलब्धिः**(१) विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य ( विधुतीय वायरिङ तालिम) कार्यक्रमको तालिमको उपलव्धि देहाय वमोजिम हुनेछः

(क) २५ जना घरेलु विधुतीय वायरिङ सिप प्राप्त जनशक्ति तयार हुने ।

(ख) सहभागीहरूले साधारण घरको वायरिङ आफैं गर्न सक्नेछन् ।

(ग) घरमा विधुतीय वायरिङ सम्वन्धि समस्या आएमा वा विग्रिएमा सामधान र मर्मत गर्न सक्नेछन्।

(ङ) सिप सिकेपछि आय आर्जन गर्न र स्वरोजगार बन्न सक्नेछन् ।

(च) विद्यार्थीमा "श्रमको सम्मान" गर्ने संस्कृतिको विकास हुनेछ ।

**१०. अनुगमन तथा मुल्याङ्कनः** कार्यक्रमको पालिका स्तरका शिक्षा शाखा,शिक्षा महाशाखा र इकाईवाट नियमित अनुगमन गरिनेछ ।

**११ प्रतिवेदन पेस गर्नु पर्नेः**. (१) विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम सम्पन्न पश्चात विद्यालयले अनुसूची-३ अनुसार कार्य सम्पन्न प्रतिवेदन इकाइमा पेस गर्नु पर्नेछ ।

स्वीकृत गर्ने
नाम थरः लोकनाथ आचार्य
पदः इकाइ प्रमुख, उपसचिव
हस्ताक्षरः
मिति २०८२।११।२७
शिक्षा विकास तथा समन्वय इकाइ, कास्की

कार्यालयको छापः

अनुसूचीः१

## विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रमका लागि 'विद्यालयले पेस गर्ने प्रस्तावानको नमुना

शिर्षक: 'घरेलु विधुतीय वायरिङ तालिम' सञ्चालनका लागि प्रस्तावना

प्रस्तावाना पेस गर्ने:

विद्यालयको नाम ठेगाना

सञ्चालित कक्षा

जम्मा विद्यार्थी संख्या (९ - १२)

**१. संक्षिप्त परिचय (Introduction)**

(छोटो विद्यालयको परीचय सहित कार्यमक्रमको परिचय) नेपाल सरकारको 'विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य अन्तर्गत विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक सीपमा दक्ष बनाउने लक्ष्य राखिएको छ। यसै सन्दर्भमा, कास्की जिल्ला रहेका विद्यालयका युवा विद्यार्थीहरूलाई स्वरोजगारको अवसर सिर्जना गर्न र प्राविधिक सीप हस्तान्तरण गर्न यस विद्यालयले घरेलु विधुतीय वायरिङ (House Wiring) तालिम सञ्चालन गर्न आवश्यक देखिएको छ।

**२. कार्यक्रमको उद्देश्य (Objectives)**

विद्यार्थीहरूलाई व्यावसायिक विधुतीय वायरिङको आधारभूत तथा व्यावहारिक सीप प्रदान गर्ने।

विद्यालय तहदेखि नै प्राविधिक शिक्षा र उद्यमशीलताप्रति रुचि जगाउने।

स्थानीय स्तरमा विद्युत् प्राविधिक (Electricians) उत्पादन गरी स्वरोजगारीका अवसर सिर्जना गर्ने (कार्यविधिमा उल्लेख भएका उद्देश्यहरु उल्लेख गर्ने ) ।

**३. लक्षित समूह (Target Group) विद्यार्थी संख्या**

| क्र स | कक्षा | छात्र | छात्रा | जम्मा | कै |
|---|---|---|---|---|---|
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| जम्मा | | | | | |

**४. तालिमको रूपरेखा र विषयवस्तु (Course Outline)**

(कार्यविधिमा उल्लेख भए अनुसारका उल्लेख गर्ने)

**५. समयवधि र स्थान (Time and Location)**

अवधि: २ महिना १५ दिन प्रतिदिन १ घण्टाका दरले

समय: समय, जस्तै: विद्यालय समय अगाडि वा पछाडि

स्थान:विद्यालयको प्रयोगशाला वा कार्यशाला

**६. अपेक्षित उपलब्धि (Expected Outcomes)**

(कार्यविधिमा उल्लेख भए अनुसारका उल्लेख गर्ने)

**७. अनुमानित बजेट (Estimated Budget)**

(यसमा आवश्यक सामग्री, प्रशिक्षक खर्च र खाजा खर्चको मोटामोटी विवरण राख्नुहोला) प्रशिक्षक पारिश्रमिक वायरिङ सामग्री (तार, स्वीच, चिम आदि) प्रशासनिक तथा खाजा खर्च विद्यालयले आवश्यक लागेका अन्य सम्वन्धित शिर्षक समेत समावेस गर्न सक्ने छ । रकम उल्लेख गर्नु पर्ने छ ।

खर्च विवरण

| क्र स | शिर्षक | खर्च रु | कै |
|---|---|---|---|
| १ | प्रशिक्षक | | |
| २ | समाग्री | | |
| ३ | | | |
| ४ | | | |

८. निष्कर्षः ( विद्यालयले केहि थप गर्नु पर्ने भए उल्लेख गर्ने)

निवेदक

नाम थरः

पदः प्रधानाध्यापक

मितिः

[विद्यालयको छाप]

## अनुसूची २

## विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम सञ्चालन सम्झौता-पत्र

प्रथम पक्ष: शिक्षा विकास तथा समन्वय एकाइ, कास्की

दोस्रो पक्ष: विद्यालयको नाम र ठेगानाः

शिक्षा विकास तथा समन्वय एकाइ, कास्कीको वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्यालयका विद्यार्थीहरूलाई व्यावसायिक सीप प्रदान गरी स्वरोजगार बनाउने उद्देश्यका साथ **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (घरेलु विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम** सञ्चालन गर्ने दुवै पक्षबीच देहायका सर्तहरूमा मञ्जुर भई यो सम्झौता गरी लियौं दियौं।

### १. कार्यक्रमको विवरण

तालिमको विषय: घरेलु विद्युतीय वायरिङ (उद्यमशीलता र नवप्रवर्तन केन्द्रित)।

तालिम अवधि: २ महिना १५ दिन प्रतिदिन १ घण्टाका दर

लक्षित समूह: कक्षा ९ देखि १२ कक्षा सम्म अध्ययन गर्ने विद्यालयका विद्यार्थीहरू।

कुल बजेट: रु. १,८०,०००/- (अक्षरेपी एक लाख असि हजार रुपैयाँ मात्र)।

### २. दोस्रो पक्ष (विद्यालय) को दायित्व र सर्तहरू

a) तोकिएको तीन महिना प्रतिदिन १ घण्टाका दरलेका घरेलु विधुतीय वाईरिङ्ग समवन्धी सिप उपलव्ध गराउनु पर्नेछ ।

b) तालिमका लागि आवश्यक दक्ष प्रशिक्षक, औजार र कच्चा पदार्थको व्यवस्था गर्ने।

c) विनियोजित रकम रु १८००००।०० (अक्षरुपि एक लाख असि हजार रुपैया मात्र)मध्येबाट औजार, सामग्री, प्रशिक्षक पारिश्रमिक र खाजा खर्च पारदर्शी रूपमा खर्च गर्नु पर्नेछ ।

d) तालिम पछि विद्यार्थीहरूलाई स्थानीयस्तरमा विधुतीय मर्मत वा उद्यम सुरु गर्न प्रोत्साहित गर्ने पर्नेछ ।

e) तालिम सकिएपछि खर्चको बिल भरपाई र विस्तृत प्रतिवेदन प्रथम पक्ष (इकाइ) समक्ष पेश गर्नु पर्नेछ ।

f) तालिम सञ्चालन गर्दा सुरक्षाका सम्पूर्ण उपायहरू अपनाउनु पर्नेछ ।

g) विद्यार्थीहरुले CTEVT को LEVEL 1 पाठ्यक्रम वमोजिमको सिप प्रदान गर्नु पर्नेछ ।

h) कम्तिमा प्रविधिक तथा व्यवसायिक शिक्षा परिषद (CTEVT) वाट LEVEL 1 CERTIFIED प्रशिक्षक नियुक्त गर्नुपर्नेछ ।

i) यदि विद्यालयले सम्झौता बमोजिम कार्यक्रम सञ्चालन नगरेमा वा रकमको दुरुपयोग भएमा नियमानुसार रकम फिर्ता गर्नुपर्नेछ ।

### ३. प्रथम पक्ष (इकाइ) को दायित्व र सर्तहरू

a) कार्यक्रम सञ्चालनका लागि स्वीकृत बजेट अनुसारको पहिलो किस्ता वापतको रकम रु १३००००|०० (अक्षरुपी एकलाख तीसहजार रुपैया मात्र) सम्झौता भएको १५ दिन भित्र विद्यालयको खातामा निकासा गर्ने र दोस्रो किस्ता वापतको रकम रु ५००००|००(अक्षरुपी पचास हजार रुपैया मात्र) विद्यालयको खातामा निकासा गर्ने.

b) तालिमको गुणस्तर र प्रभावकारिताको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

c) तालिमका लागि आवश्यक प्राविधिक सल्लाह र निर्देशन प्रदान गर्ने ।

d) आवश्यकता अनुसार अन्य सल्लाह सुझाव उपलव्ध गराउने ।

**४. बजेट खर्च र किस्ताबन्दी विवरण**

कार्यक्रमको कुल रकम रु रु १८००००|०० (अक्षरुपि एक लाख असि हजार रुपैया मात्र) दुइ किस्तामा निकासा गरिनेछ पहिलो किस्ता सम्झौता भएको १५ दिनमा रु १,३०,०००|००(अक्षरुपि एकलाख तीसहजार रुपैया मात्र) र दोस्रो किस्ता कार्य सम्पन्न प्रतिवेदन र खर्चका सम्पूर्ण विल भरपाई पेस भएपछि रु ५००००|००(अक्षेरुपि पचास हजार रुपैया मात्र) विद्यालयको खातामा निकासा गरिनेछ ।

५. अन्य सर्तहरू

यो सम्झौतामा नलेखिएका कुराहरू प्रचलित ऐन, नियम र आपसी सहमतिमा तय गरिनेछ।

| दोस्रो पक्षको तर्फबाट: | प्रथम पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पदः एकाइ प्रमुख |
| विद्यालयको नामः | कार्यालय: शिक्षा विकास तथा समन्वय एकाइ, कास्की |
| मिति: | मितिः |
| छाप: | छापः |

रोहवर

हस्ताक्षर

नाम

पद मिति

## अनुसूची ३

## कार्य सम्पन्न प्रतिवेदन

प्रतिवेदन पेश गरिएको कार्यालय: शिक्षा विकास तथा समन्वय एकाइ, कास्की।

कार्यक्रम सञ्चालन भएको विद्यालयको नाम र ठेगाना

कार्यक्रमको नाम: **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य (घरेलु विधुतीय वायरिङ तालिम) नामक कार्यक्रम ।**

**१. कार्यक्रमको पृष्ठभूमि र उद्देश्य**

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सीपमूलक शिक्षा प्रदान गरी स्वरोजगार तर्फ उन्मुख गराउने उद्देश्यले मिति .................... देखि .................... सम्म विधुतीय वायरिङ तालिम सञ्चालन गरिएको हो । सो तालिम सम्वन्धी भए गरेका गतिविधिलाई देहाय अनुसार पेस गरिएको छ ।

**२. तालिमको संक्षिप्त विवरण**

तालिम सुरु भएको मिति:

तालिम सम्पन्न मिति:

कुल सहभागी संख्या: ......... जना (महिला: ......., पुरुष: .......)

कुल कार्य घण्टा: विधुतीय वायरिङ तालिम सैद्धान्तिक र प्रयोगात्मक)।

मुख्य प्रशिक्षकको नाम:

**३. प्राप्त उपलब्धिहरूः**

१

२

३

**४. आर्थिक विवरणः**

स्वीकृत रु. १८००००/०० (एक लाख असि हजार रुपैया मात्र) को खर्च विवरण निम्न अनुसार रहेको छ । (खर्च विवरण उल्लेख गर्ने)

**५. प्रमुख सिकाइ र सुझावहरू**

१

२

३

**६. संलग्न कागजातहरू**

कार्य सम्पन्न वि व्य स को निर्णय सहितको विद्यालयको पत्र

सहभागीहरूको उपस्थिति विवरण

खर्च भएका बिल भरपाईहरूको प्रमाणित प्रतिलिपि ।

तालिमका केही मुख्य तस्विरहरू ।

**७. प्रमाणित गर्ने**

तपसिल बमोजिमको कार्यक्रम सम्झौता र कार्यविधि अनुसार सफलतापूर्वक सम्पन्न भएको प्रमाणित गर्दछु।

हस्ताक्षर:
नाम :
पदः प्रधानाध्याप

मिति: .

विद्यालयको छाप:

हस्ताक्षर:
नाम :
पदःवि.व्य.स.अध्यक्ष

मिति:

सिफरिस गर्ने :
गाउँ वा नगरपालिका :
शिक्षा युवा तथा खेलकुद शाखा वा माहाशाखा प्रमुख
हस्ताक्षर:
नाम:
मिति:
कार्यालयको छापः